बैठक नं. ५

आ.व. २०८१/०८२

आज मिति २०८१/७/८ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थितिः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुमनराज रेग्मी | व. ले. अ. | [signature] |
| २ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | [signature] |
| ३ | सन्देश लामिछाने | अ. प्राले | [signature] |
| ४ | विवेक पोखरेल | इन्जिनियर | [signature] |
| ५ | विकास नरसिंह शाही | स० प्र० अ० | [signature] |
| ६ | लक्ष्मी भट्टराई (पाण्डे) | कार्यक्रम संयोजक | [signature] |
| ७ | कलामुद्दीन अन्सारी | स्रोत शिक्षक | [signature] |
| ८ | नरेश गुरुङ | सूचना प्रविधि अधिकृत | [signature] |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

पाचौं कार्यपालिका बैठक

आ.व.२०८१/०८२

मितिः२०८१/०७/०८

समयः दिउसो २.०० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१.समीक्षा सम्बन्धमा।

२.मध्यविन्दु नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन सम्बन्धमा।

३.सरसफाई सेवा शुल्क सम्बन्धमा।

४.स्थानीय पाठ्यपुस्तक (कक्षा ६- ८) स्वीकृति सम्बन्धमा।

५.घरनक्शा अभिलेखिकरण सम्बन्धमा।

६.विविध।

क. सडक बोर्ड नेपालमा पठाउने आयोजना छनोट सम्बन्धमा।

ख. नारायणी नदीमा बोल्डर व्यवस्थापन सम्बन्धमा।

ग. रिक्त दरवन्दीमा कर्मचारी छनौट सम्बन्धमा।

घ. हाम्रो खुसी पाठ्यक्रम सम्बन्धी सिकाई अध्ययन भ्रमण सम्बन्धमा।

ङ. प्लाष्टिकजन्य पुष्पगुच्छा एवम् फूलमालाको उत्पादन, बिक्री वितरण र प्रयोगमा रोक लगाउने सम्बन्धमा।

च. कृषि उद्यमशीलता तथा जैविक खेती परियोजना कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।

छ. बालमैत्री वडा घोषणा तयारी सम्बन्धमा।

निर्णय

१) अघिल्लो कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो। साथै नगरपालिकाको चालु आ.व. २०८१/०८२ को प्रथम त्रैमासिकको आय व्यय विवरण सहितको प्रगति प्रतिवेदन पेश भई छलफल गरियो।

२) नगरपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण एवं सुरक्षा व्यवस्था र अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन नगर प्रहरीको दरबन्दीमा हेरफेर गरी तयार गरिएको मध्यविन्दु नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८१ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ उपदफा ४ बमोजिम स्वीकृत गर्ने।

३) जनशक्तिको सीमितता एवम् चाडपर्वहरुको कारणले सरसफाई प्रवर्धन कार्यक्रम कार्यान्वयन भएका सबै वडाका सदस्यहरुलाई सदस्यता कार्ड प्रदान गर्न नसकिएको र वार्षिक सरसफाई शुल्क प्रथम त्रैमासिक भित्र भुक्तानी गरेमा दश प्रतिशत छुट दिने र उक्त समय भन्दा विलम्ब भएमा बाँकी रहेको शुल्कको दश प्रतिशत जरिवाना लाग्ने व्यवस्था भएकोमा कार्यालयको तर्फबाट कार्ड उपलब्ध गराउनर सेवा शुरुवात गर्न ढिला भएको कारणले सदस्यहरुमा जरिवाना लगाउनु न्यायोचित नहुने भएको हुँदा उक्त छुट सुविधा थप ३ महिनाका लागि उपलब्ध गराउने ।

४) नगर शिक्षा समितिबाट सिफारिस भइ आएको स्थानीय पाठ्यक्रम हाम्रो मध्यविन्दुमा आधारित कक्षा ६-८ को पाठ्यपुस्तक स्वीकृत गर्ने।

५) मध्यविन्दु नगरपालिकामा निर्माण अनुमति नलिई घर तथा संरचना निर्माण गरिएकाहरुका लागि मिति २०७९।१०।०४ मा सूचना गरी घरनक्शा अभिलेखिकरणको लागि निवेदन दर्ता भएकोमा हालसम्म पनि घरनक्सा अभिलेखिकरण प्रमाणित गर्ने कार्य बाँकी रहेको हुँदा २०८१ माघ मसान्त भित्र उक्त घर अभिलेखिकरण गर्ने कार्य सम्पन्न गर्न सूचना प्रकाशन गर्ने । र उक्त अबधि भित्र घरनक्सा अभिलेखिकरण नगरेमा पचास प्रतिशत थप राजस्व लिएर मात्र अभिलेखिकरण गर्ने ।

६) विविध प्रस्तावका निर्णयहरुः

क. आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाबाट लागत सहभागितामा सडक बोर्ड नेपालबाट कार्यान्वयन गर्ने गरि देहायका सडक सुधार र मर्मतको लागि प्रस्ताव गरि पठाउने ।

१. कुसुन्डे कृषि सडक (चौपारी खण्ड) मध्यविन्दु-११
२. अरुणखोला भु.पु.चोक देखि मध्यविन्दु-१२ जाने सडक
३. भिर्खेटाँडी भित्री मुल सडक मध्यविन्दु-१०

ख. नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम असोज १० गते देखि १२ गते सम्मको अबिरल वर्षातको कारणले नारायणी नदीको कटानलाई रोकी विपद् जोखिम नियन्त्रण गर्नका लागि तत्काल बिग बोल्डर ढुङ्गा राख्नपर्ने भएकोले उक्त वर्षातको कारण मध्यविन्दु १४ बतासा पाल्पा जाने पक्की सडकमा पहिरो गई सडक अवरुद्ध भएको अवस्थामा उक्त पहिरो सफा गर्ने र सोही स्थानको बोल्डर ढुङ्गा नारायणी नदीको कटान भैरहेको स्थानमा राखी नदी कटान रोक्ने कार्य भएकोमा उक्त कटान क्षेत्रमा थप बोल्डर आवश्यक परेमा अरुणखोलाको बतासा भन्दा माथिको खण्डको नदीको बहावलाई असर नपर्ने स्थानहरुबाट नियमानुसार रोयल्टी लिई निकासी अनुमति दिने। उक्त नारायणी नदी नियन्त्रण र तटबन्धन कार्यलाई दिगो रुपमा व्यवस्थापन गर्न नारायणी नदी नियन्त्रण आयोजनालाई अनुरोध गरी पठाउने ।

ग. नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार रिक्त रहेका कर्मचारीको नियमानुसार सूचना प्रकाशन गरी कार्यविधि अनुसार कर्मचारी छनोट गर्ने । नगर प्रहरी नायव निरिक्षक पदको लागि देहाय बमोजिम न्यूनतम योग्यता कायम गरी भर्ना प्रक्रिया अगाडि बढाउने।

१. नेपाल प्रहरी/ससस्त्र प्रहरी बाट सेवा अवकास भई ४५ वर्ष उमेर ननाघेको,
२. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
४. कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,
५. मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,
६. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१/३३, तौल ५५ के.जी. भएको,
७. महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,
८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,
९. कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,
१०. नेपाली नागरिक,
११. कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,
१२. भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

उक्त पदपुर्ति सम्बन्धी कार्य गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्ने

संयोजक- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख

सदस्य- सम्बन्धित विषयको विज्ञ

सदस्य सचिव- प्रशासन शाखा प्रमुख

नगर प्रहरीको पदपूर्तिको लागि शारीरिक परीक्षण आदि परीक्षणको लागि जिल्ला प्रहरी कार्यालयबाट सहयोग लिने ।

घ. हाम्रो खुसी पाठ्यक्रम सम्बन्धी सिकाई अध्ययन भ्रमणको लागि मित्रराष्ट्र भारतको गुजरातमा मिति कात्तिक २३ देखि २५ सम्म सञ्चालन हुने जीवन विज्ञान राष्ट्रिय सम्मेलनमा सहभागी हुन देहायका कर्मचारीहरुलाई मनोनयन गर्ने ।

१. नगर प्रमुख श्री भिमलाल अधिकारि
२. शिक्षा अधिकृत श्री कृष्ण प्रसाद रेग्मी
३. हाम्रो खुसी कार्यक्रम संयोजक श्री लक्ष्मी पाण्डे भट्टराई
४. CSRC संयोजक श्री हरी प्रसाद देवकोटा
५. मध्यविन्दु खुसी स्रोत शिक्षक श्री कृष्ण चन्द्र गिरी

ङ. वातावरण संरक्षण ऐन, २०७६ को दफा १५(१) को व्यवस्था बमोजिम यस नगरपालिका क्षेत्रभित्र स्थानीय प्राकृतिक रुपमा उत्पादन हुने विभिन्न किसिमका फूलहरुलाई संरक्षण गर्ने र व्यवसायिक उत्पादनलाई प्रवर्द्धनका लागि वातावरणलाई नकरात्मक प्रभाव पार्ने प्लाष्टिकजन्य पुष्पगुच्छा एवम् फूलमालाको उत्पादन, बिक्री वितरण र प्रयोग गर्न पूर्णरुपले रोक लगाउने गरी सूचना प्रकाशन गर्ने र सो कार्यको नगर प्रहरी मार्फत नियमित अनुगमन गर्ने।

च. कृषि क्षेत्रलाई नवप्रवर्तन, व्यवसायीकरण र जैविक उत्पादनतर्फ उन्मुख गराउदै स्थानीय उत्पादनमा आधारित कृषि व्यवसायलाई प्रवर्द्धन गर्दै गुणस्तरीय, दिगो, र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नका लागि तयार गरिएको कृषि उद्यमशीलता तथा जैविक खेती परियोजना कार्यान्वयन कार्यविधि, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

छ. बालमैत्री सूचक पुरा हुन लागेका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने नीति अनुरुप यस आ.व. मा वडा नं. ८ लाई बालमैत्री वडा घोषणाको लागि आवश्यक तयारी गर्न छनोट गर्ने।